नेपाल धितोपत्र बोर्ड
Securities Board of Nepal
अध्यक्ष
Chairman

केन्द्रीय कार्यालय:
खुमलटार, ललितपुर, नेपाल
Central Office:
Khumaltar, Lalitpur, Nepal

## प्रतिवद्धता !

धितोपत्र एवं वस्तु विनिमय बजारको नियामक निकाय नेपाल धितोपत्र बोर्ड ३४ औं वर्षमा प्रवेश गरेको अवसरमा बोर्डलाई हालको अवस्थासम्म पुऱ्याउन गर्नुभएको योगदानप्रति सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ बाट प्रदत्त अधिकार अनुरूप बजारलाई भरपर्दो, विश्वसनीय एवं गतिशील बनाउन बोर्डबाट कार्य सम्पादन हुँदै आएको छ । नेपाल सरकारको नीतिबमोजिम पुंजी बजारलाई सुरक्षित, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप विकास गर्न बोर्ड सँदैव क्रियाशील रहेको छ । बोर्डले धितोपत्र नियमन, नेप्से तथा सिडिएस एण्ड क्लियरिङ प्रणालीको पुनर्संरचना गर्दै संस्थागत लगानीकर्ता, पेन्सन कोष, बीमा, म्युचुअल फण्ड र गैरआवासीय नेपालीको सहभागिता विस्तारका साथै ऋण बजार, बण्ड बजार, पूर्वाधार बण्ड र जोखिम व्यवस्थापन उपकरण विकास गरी दीर्घकालीन पुँजी निर्माण गर्ने गरी आगामी कार्यदिशा तय गर्नेछ । पुँजी बजारको विकास तथा सुधारका लागि विभिन्न समयमा गठन भएका आयोग तथा कार्यदलहरूले दिएका सुझाव समेत क्रमशः कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गर्दछु ।

आ.व. २०८३।८४ को बजेट वक्तव्यमा सूचीकृत कम्पनीका धितोपत्र विक्री गर्दा लाग्दै आएको पुँजीगत लाभकर अन्तिम हुने व्यवस्था गरिएसँगै बजार थप गतिशील हुने अपेक्षा छ । नियामकीय क्षमता तथा संस्थागत सुदृढीकरण, प्रविधिको अवलम्बन, लगानीकर्ताहरूको हकहित संरक्षण एवं सुशासन प्रवर्द्धन, धितोपत्र बजार सम्बन्धी कसूरको अनुसन्धान तथा कारवाहीजस्ता विषयहरू बोर्डको प्राथमिकतामा रहेका छन्। त्यसैगरी सार्वजनिक निष्काशनलाई स्वच्छ एवं पारदर्शी बनाउन आवश्यक संरचनागत र कानुनी सुधार गर्ने, एसएमइ प्ल्याटफर्म, वस्तु विनिमय बजार र यसका पूर्वाधारहरूलाई सञ्चालनमा ल्याउने, बजार सञ्चालकहरूको संरचनागत सुधार एवं बजार सहभागीहरूको व्यवसायिकता अभिवृद्धि गर्ने र बजार शिक्षा तथा सचेतना कार्यक्रमहरू समेत प्राथमिकतामा राखिएको छ ।

बोर्डले नेपालमा धितोपत्र बजार सम्बन्धी गतिविधिहरूलाई विश्वसनीय, गतिशील र पारदर्शी बनाउन IOSCO बाट प्रतिपादित बजारसम्बन्धी सिद्धान्त, अन्तर्राष्ट्रिय प्रचलित अभ्यास, सरकार तथा अन्य सरोकारवाला निकायहरूको निर्देशन एवं मार्गदर्शन र सरकारले तय गरेका बजार विकासका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र धितोपत्रसम्बन्धी कानुन एवं कार्य प्रक्रियामा सुधार गर्दै अघि बढ्ने विश्वास दिलाउन चाहन्छु । साथै बोर्डको नियमन तथा सुपरीवेक्षणलाई थप प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवी संघसंस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा, बोर्ड नेपाल सरकारको आवधिक योजना, आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम र वार्षिक वजेटले धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी लिएका नीति, रणनीति तथा कार्यक्रम अनुरूपका निर्धारित लक्ष्य हासिल गर्ने भूमिकातर्फ अग्रसर रहने प्रतिवद्धता व्यक्त गर्दै बजारको प्रभावकारी नियमन, सुपरीवेक्षण र थप सुधारका लागि नेपाल सरकारलगायत वित्तीय क्षेत्रका अन्य नियमनकारी निकायहरू, अन्तर्राष्ट्रिय संघसंस्था तथा बजारसम्बद्ध पक्षहरू सबैबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

जेठ २५, २०८३

उत्तर कुमार खत्री
अध्यक्ष

Post Box No.: 9031, Phone: 01-5554981, 5541057, Fax No.: 01-5541058
Toll Free No.: 1660-01-44433, Email: chairman@sebon.gov.np, Website: www.sebon.gov.np